

# अध्याय - ६

## परमेश्वरको लक्ष्यमा समावेश हुने प्रेरणा र तयारी

यस अध्यायका मूल पदहरूः लूका २:१-१२; लूका २४:३६-४९; प्रेरित १:१२-२६; हिब्रू १०:२४,२५; प्रेरित २:१-४१; १ कोरन्थी ११:१।

<u>यस अध्यायको मूल सार पदः</u> ***"उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" लूका २४:४४।***

पावलले लेखेका थिए, "१५ कसै-कसैले साँच्चै डाह र शेखीले, तर अरूहरूले सद्भावले ख्रीष्टलाई प्रचार गर्दछन्। १६ सुसमाचारको सुरक्षाको निम्ति म यहाँ छु भनी जान्नेहरूले यो काम प्रेमले गर्दछन्, १७ तर शेखी गर्नेहरूले चाहिँ मलाई कैदमा कष्ट थपिदिने विचार गरेर, शुद्ध मनले होइन, तर स्वार्थको भावनाले ख्रीष्टको प्रचार गर्दछन्। १८ जे होस्! मूल कुरो यही हो- हरकिसिमले, चाहे बहानामा, चाहे सत्यमा ख्रीष्टको प्रचार गरिओस्, र यसैमा म रमाउँछु।" फिलिप्पी १:१५-१८।

पावलका ती बोलीहरू अत्यन्तै भावुक र शक्तिशाली छ। "चाहे स्वार्थी मनले होस् वा देखावटीमा होस् वा सत्यमा होस् वा पावल वा (इसाईहरूलाई दुःख दिन होस्)" येशूको नाउँ मानिसको मुखबाट निकाशा गरिएको छ, त्यही नै पावलको निम्ति चासोको विषय थियो।

उपयुक्त रूपमा भन्नुपर्दा ख्रीष्टको प्रचार गर्ने हाम्रो नियत, उहाँको लक्ष्यमा चल्ने हाम्रो कदम र अरूहरूलाई सुसाचार सुनाउने हाम्रो प्रेरणा

प्रेमबाट घचेटिरहेको हुनुपर्दछ। सत्यले अभिप्रेरित भएर हामी चल्नुपर्दछ। तर कतिपयले स्वार्थी हिसाबले, इसाई भनेर बढि महत्त्वाकाँक्षाले र चर्चलाई टुक्राउन प्रचार गरिरहेको हुन्छ। यो संस्कार हिजो पनि थियो आज पनि छ।

त्यसकारण, येशूको बारेमा सुनाउँनुमा केले उत्साह दिइरहेको छ, र त्यसको लागि तयार हुन के के उपाय छ?

***यस अध्यायमा सुरुको चर्चको केही विवरणहरू हेर्नेछौं र हाम्रो लक्ष्य वा मिसनको निम्ति तिनीहरूबाट के निर्देशिकाहरू पाउँछौं सो यस अध्यायमा हामी नियाल्नेछौं।***

## १. सुसमाचार बाँड्न

**येशू ख्रीष्टको पुनरुत्थानको बारेमा सुन्दा मानिसहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, "१ हप्ताको पहिलो दिन बिहान सखारै ती स्त्रीहरूले तयार गरेका सुगन्धित द्रव्य लिएर तिनीहरू चिहानमा आए। २ तिनीहरूले ढुङ्गा चिहानबाट हटाएको भेट्टाए। ३ तर भित्र पस्दा तिनीहरूले प्रभु येशूको शरीर पाएनन्। ४ जब तिनीहरू यस विषयमा अलमल्ल परिरहेका थिए, तब चहकिलो पोशाक पहिरिएका दुई पुरुषहरू तिनीहरूका छेवैमा खड़ा भए। ५ तिनीहरू भयभीत भए अनि जमिनतिर शिर झुकाए, तर ती दुई पुरुषले भने, "तिमीहरू जीवित व्यक्तिलाई मृतकहरूका बीचमा किन खोज्छौ? ६ उहाँ यहाँ हुनुहुन्न, तर जीवित भई उठ्नुभएको छ। गालीलमा हुनुहुँदा उहाँले तिमीहरूलाई के भन्नुभएको थियो त्यो याद गर, ७ कि मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ'।" ८ तिनीहरूले उहाँका वचन सम्झे। ९ अनि चिहानबाट फर्केर तिनीहरूले यी सबै कुरा एघार चेलाहरू र अरू सबैलाई बताए। १० ती स्त्रीहरूचाहिँ, मरियम मग्दलिनी, योअन्ना, र याकूबकी आमा मरियम थिए। तिनीहरूसँग रहेका अरू स्त्रीहरूले पनि यी कुरा प्रेरितहरूलाई भने। ११ तर तिनीहरूले यी कुरा वाहियात हुन् भन्ठाने, र तिनीहरूले विश्वास गरेनन्। १२ तर पत्रुस उठेर चिहानमा दौड़ेर गए, र निहुरेर हेर्दा सूती कपड़ाका पट्टीहरू मात्र देखे। त्यो घटना देखेर अचम्म मानी उनी गइहाले।" लूका २४:१-१२।**

लूकाको विवरण अनुसार आइतबार बिहानै केही स्त्रीहरू येशूको चिहानमा गएका थिए। तिनीहरूको साथमा येशूको शरीरमा लगाउने मसलाहरू थिए। त्यो काम साबथ सकिएपछि गर्नु तिनीहरूले उचित देखेका थिए। छाप

लगाएर बन्द गरिएको चिहान तिनीहरूले देख्नेछन् भनेर तिनीहरूले अपेक्षा गरेका थिए। तर जब रित्तो चिहान तिनीहरूले देखे तब तिनीहरू अत्यन्तै चकित भए। तिनीहरू के गरुँ के गरुँ भनेर भनेर डरले उभिरहेका थिए, तब चहकिलो वस्त्र लगाएका दुई जना पुरुषहरू त्यहाँ अचानक देखा परे। ती स्त्रीहरूका निम्ति तिनीहरूसँग सन्देश थियो। ती स्त्रीहरूलाई तिनीहरूले येशूले भन्नुभएको कुरो याद दिलाए थिए। आफू बौरि उठ्छु भन्नुभएकै अनुसार उहाँ बौरि उठ्नुभयो भन्ने समाचार तिनीहरूले दिए। तिनीहरू हर्षले अत्यन्तै उल्लेसित भएर येशू र उहाँका धेरै अनुयायीहरू येशूको मृत्युको बारेमा अलमल परेर बसिरहेको कोठामा पुगे। ती स्त्रीहरूले आफूहरूले के देखेका थिए सो ती चेलाहरूलाई सुनाए। तिनीहरूको उत्तेजित अनुहार चम्किरहेको थियो। येशूको बारेमा आफूले के देखेका थिए त्यो तिनीहरूले सुनाइरहेका थिए।

ती स्त्रीहरूले के अनुभव गरे के तपाईंले सोच्न सक्नुहुन्छ? तिनीहरूले आश्चर्यजनक अनुभव गरेका थिए। तिनीहरू भयले भरपुर भएर काँपीरहेका थिए। तर चेलाहरूले तिनीहरूलाई विश्वास गर्न चाहेनन् र भने "कस्तो वाहियात समाचार हो!" तर ती स्त्रीहरूको कुरा हो कि होइन भनेर थाहा पाउन पत्रुस आफै चिहानतिर खुरूर डगुरेका थिए।

कसैले भनेकै आधारमा पत्रुस र अरूहरूले विश्वास गर्न आनकानी गरेका थिए। ती स्त्रीहरूको खबरलाई पत्रुसले सुनेतापनि त्यससँग उनी तुरन्तै सहमत भएका थिएनन्। ती स्त्रीहरूको समाचार हो कि होइन भनेर उनले आफैले अनुभव गर्न चाहेका थिए। जब उनी चिहानमा गए तब उनले केवल रित्तो चिहानमात्र देखे। त्यो देखेर उनी आफै अचम्म मानेर फर्के भनेर लूकाले लेख्दछन्। जुब अनुभव स्त्रीहरूले गरे त्यही अनुभव पत्रुसले गरेका थिएनन्।

पत्रुस र अरू चेलाहरूले विश्वास गरेतापनि वा नगरेतापनि आफूहरूले येशूको बारेमा सुनेको समाचार ती  स्त्रीहरूले सुनाउन चाहेका थिए। येशूले उहाँका भक्तहरूलाई उहाँले के गर्नुभयो त्यो अरूलाई सुनाउने भन्दा अरू महान् लक्ष्य के होला? हामीमा भएको आशा र मुक्तिको सुसमाचार फैलाउने महान् नियत भन्दा अरू के होला?

अरूहरूलाई परमेश्वरको बारेमा सुनाउनुभन्दा पहिले हामी आफैमा पनि परमेश्वरको बारेमा व्यक्तिगत अनुभव हुनु जरुरी छ। हाम्रो जीवनको निर्णायक मिसन वा लक्ष्य नै हामीहरूलाई अत्यन्तै मन परेको सुसमाचार

अरूहरूलाई सुनाउनु हो। निचोडमा भन्ने हो भने, हामीसँग नभएको कुरा अरूहरूलाई सुनाउन वा बाँड्न सक्दैनौं सक्छौं र?

*परमेश्वर र उहाँको प्रेमको वास्तविकतालाई के तपाईंले अनुभव गर्नुभएको छ? यदि छ भने के के हुन्? तपाईंको निम्ति ती किन बहुमूल्य छन्? तपाईंकै अनुभवले अभिप्रेरित भएर अरूहरूलाई सुसमाचार सुनाउन कसरी सक्रिय भइरहेको छ?*

## २. अगमवक्ताहरूमा आधारित

लूका २४:३६-४९ पढ्नुहोस्। यहाँ के भयो र यो अनुभव चेलाहरूको निम्ति किन निर्णायक बन्न पुग्यो? हेर्नुहोस्, "३६ तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा खड़ा हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।" ३७ तिनीहरू तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे। ३८ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ? ३९ मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्।" ४० यसो भन्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो। ४१ तर खुशीले पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ केही खानेकुरो छ?" ४२ तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए। ४३ अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो। ४४ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" लूका २४:३६-४९।

डरले थरथर कामीरहेका चेलाहरूले येशूलाई देखेपछि पहिले उहाँलाई चिन्न नसकेको कुरा रोचक छ। अनि येशूलाई देखेपछि र उहाँ जीवित हुनुहुन्छ भनेर निश्चय भएपछि तिनीहरू खुशीले यत्ति उन्मादभएकि तिनीहरूले उहाँलाई विश्वासै गर्न सकेन (लूका २४:४१)। तपाईंको जीवनमा कहिल्यै यस्तो अनुभव गर्नुभएको छ कि कुनै कुरो असल भएको पत्यारै गर्न नसकेको? माथिको बेठकमा जम्मा भइरहेका चेला र अरूहरूको अनुभव त्यस्तै थियो।

यदि येशू उपस्थित हुनुभएर भावनात्मक अनुभव दिएर हिँड्नुभयो भने सायद चेलाहरूको विश्वास त्यति दिगो हुने थिएन। समय बित्दै जाँदा त्यो अनुभव बिलाएर गइन्थ्यो। तिनीहरू बिर्सिने थियो र अझ होकि होइन भन्ने कुरामा तिनीहरू लाग्न सक्थ्यो। त्यसकारण, आफ्नो घाऊ देखाउनुभएर र तिनीहरूको अगाडि माछा खानुभएरमात्र आफ्नो उपस्थितिलाई उहाँले अन्त्य गर्नुभएन। उहाँले आफ्नो काम र सेवाको जग भविष्यवाणीमा आधारित थियो भनेर पुरानो करारका पानाहरूबाट याद दिलाउनुभयो। त्यसको अर्थ तिनीहरूको अनुभव भावनात्मक रूपमा जतिसुकै उल्लेखनीय भएतापनि तिनीहरूको आस्था परमेश्वरको वचनमा हुनुपर्छ भनेर येशूले जिकिर गर्न चाहनुभएको थियो।

**"उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" लूका २४:४४।**

**यहाँ पनि हाम्रो साक्षी र लक्ष्यलाई प्रभावकारी प्रेरणा दिने तत्व परमेश्वरको वचन भएको पाइन्छ। चेलाहरूको अनुभवलाई जब्बर बनाउन उहाँ किन मर्नुभयो र उहाँको पुनरुत्थानको अर्थ के हो भनेर तिनीहरूले बुझ्नु अत्यावश्यक भएको येशूलाई थाहा थियो। तिनीहरूको दृष्टिकोण राजनैतिक र सांसारिक राज्यबाट पापको महान् समाधान र मृत्युमाथि ख्रीष्टको बिजयतिर सार्नु आवश्यक थियो। सुसमाचारको अस्तित्व इस्राएलको राजनैतिक सार्वभौमसत्ता भन्दा अपार थियो भनेर तिनीहरूले बुझ्नु परेको थियो। सैतानमाथि येशूको बिजय र एक दिन यस संसारमा भएका सबै दुष्टतालाई नाश गर्नुहुनेछ भन्ने सन्देश सुसमाचारले ग्यारेन्टी प्रदान गरेको थियो, साथै यस पृथ्वीको नयाँ सृष्टि हुनेछ र उहाँका जनहरूको बीचमा परमेश्वर हुनुहुनेछ भन्ने प्रतिवद्धता सुसमाचारले देखाएको थियो। उहाँले तिनीहरूको बुझ्ने शक्ति वा ज्ञानको ढोका**

**खोलिदिनुभएको थियो (लूका २४:४५)। ती सत्यहरूलाई तिनीहरूले बुझ्न आवश्यक थियो ताकि तिनीहरूले संसारलाई सुनाउन सकून्।**

**परमेश्वरको वचन वा बाइबलमा** जग नबसालिकन येशूको बारेमा हामीले गरेका अनुभवहरू दिगो हुँदैन। येशूको पहिलो र दोस्रो आगमनलाई औँल्याउने भविष्यवाणीका इतिहास र घट्नाहरूको दिव्यज्ञान बाइबलकै आधारमा हुनुपर्छ। हाम्रा भावनात्मक अनुभवहरू क्षणिक वा बिलाएर जान सक्छ, तर बाइबलीय शिक्षामा आधारित आस्था अटल हुन्छ। यी सत्यहरूमा हामी अडिग हुन सक्यौं भने हाम्रो लक्ष्यमा अगाडि बढ्न प्रेरणा मिल्दछ।

***येशूलाई औँल्याउने भविष्यवाणीमा तपाईंको विद्या कतिको बलियो छ? उहाँको दुवै प्रथम र दोस्रो आगमनको बारेमा भविष्यवाणीले नै औँल्याएको छ भन्ने कुरामा तपाईं कतिको विश्वस्त हुनुहुन्छ? विशेष गरेर अन्तिम दिनहरूमा भविष्याणीहरू समेत परमेश्वरको वचनमा हाम्रो आस्थाको जग किन बसाल्नुपर्छ? हाम्रो येशूभक्तको जीवन र सुसमाचार सुनाउने लक्ष्यको निम्ति बाइबलको ज्ञान हुनु किन निर्णायक छ?***

## ३. लक्ष्य वा मिसनको निम्ति पर्खनु

येशू स्वर्गमा उक्लिनुभएको वृतान्तपछि लूका २३ अध्याय अन्त गरिन्छ (लूका २४:५०-५३)। तर कथाको अन्त्य त त्यो होइन। लूकाको पुस्तकको लेखक लूकाले आफ्नो बृतान्त प्रेरितको पुस्तकमा निरन्तरता दिन्छन्। येशू स्वर्गमा उक्लिनुभन्दा ठिक अघि उहाँले चेलाहरूलाई काम र प्रतिज्ञा दिनु भएको थियो साथै स्वर्गबाट शक्तिको निम्ति यरुशलेममा प्रतिक्षा गर भनेर निर्देशन दिनुभएको थियो (लूका २४:४९; प्रेरित १:४-८)। पिताबाट पठाउनुहुने पवित्र आत्मा नआउञ्जेल यरुशलेममै पर्खेर बस भनेर येशूले चेलाहरूलाई अऱ्हाउनुभएको थियो। जब तिनीहरूमाथि पवित्र आत्मा आउँछ तब तिनीहरूलाई यरुशलेम, यहूदिया, र सामरिया र पृथ्वीको अन्तसम्म तिनीहरूलाई उहाँको साक्षी बन्न उहाँले शक्तिसम्पन्न गराउनुहुनेछ भनेर येशूले वचन दिनुभएको थियो।

**जब येशूका १२० जना पुरुष र स्त्री गरेर चेलाहरू जम्मा भएर पर्खिरहेका थिए, तब तिनीहरूले के गरिरहेका थिए? हेर्नुहोस्, प्रेरित १:१२-२६ "१२ तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्रायः एक किलोमिटर जति टाढ़ा पर्छ। १३ सहर भित्र पसेपछि तिनीहरू**

माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। १४ कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे। १५ ती दिनमा भाइहरूका बीचमा पत्रुस खड़ा भए (यी मानिसहरूको संख्या प्रायः एक सय बीस थियो), र भने, १६ "भाइ हो, धर्मशास्त्रको वचन पूरा हुनुपर्दथियो, जुन वचन येशूलाई पक्रनेहरूको अगुवा यहूदाको विषयमा दाऊदको मुखबाट अघिबाटै पवित्र आत्माले बोल्नुभएको थियो। १७ किनकि त्यसको गणना हामीसँगै भएको थियो। र यही सेवामा त्यसले हिस्सा पाएको थियो।" १८ त्यस मानिसले अधर्मको कमाइबाट एउटा जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र त्यसको भुँड़ी फुट्यो, र त्यसका सबै आन्द्रा-भुँड़ी निस्के। १९ यो कुरा यरूशलेमका बासिन्दाहरू सबैलाई थाहा भयो। त्यो जग्गाको नाउँ तिनीहरूको आफ्नो भाषामा आखेल्दामा राखियो, अर्थात् रगतको खेत। २० पत्रुसले भने, "किनकि भजनको पुस्तकमा यसो लेखिएको छ, 'त्यसको वासस्थान उजाड होस्, र त्यहाँ वास गर्ने कोही नहोस्, र त्यसको कार्य पदाधिकार अर्काले लिओस्।' २१ यसैकारण हाम्रा साथमा रहने मानिसहरूमध्ये यस्तो एक जना छान्नु आवश्यक छ, जुन व्यक्ति प्रभु येशू हाम्रा बीचमा रही भित्र-बाहिर गर्नुहुँदा सधैं हामीसँग थियो, २२ अर्थात् यस्तो व्यक्ति जो यूहन्नाको बप्तिस्मादेखि लिएर उहाँ हामीबाट उँभो लगिनुभएको दिनसम्म हामीसँग थियो। त्यो मानिस हामी सँगसँगै उहाँको पुनरुत्थानको साक्षी हुनुपर्छ।" २३ तिनीहरूले दुई जना, अर्थात् बारसाबास भन्ने योसेफ, जसको कुलनाउँ युस्तस थियो, र मतियासको नाउँ प्रस्ताव गरे। २४ तिनीहरूले यसरी प्रार्थना गरे, "सबै मानिसका हृदयको कुरा जान्नुहुने प्रभु, यी दुईमध्ये तपाईंले कसलाई चुन्नुभएको छ सो हामीलाई देखाउनुहोस्, २५ र त्यो यस सेवा र प्रेरितको काममा प्रवेश गर्न सकोस्, जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज ठाउँमा मर्‍यो।" २६ अनि तिनीहरूले ती दुईका बीचमा गोला हाले, र मतियासको नाउँमा पर्‍यो, र एघार प्रेरितहरूसँग तिनको गणना भयो।" प्रेरित १:१२-२६।

येशूले चेलाहरूलाई स्पष्ट मिसन वा काम दिनुभएको थियोः तिनीहरू सारा संसारमा गएर उहाँको निम्ति साक्षी बन्ने। त्यसकारण, जब तिनीहरू

पर्खेर बसे तब तिनीहरूले आफ्नो लक्ष्य पूरा गर्न दुई प्रकारले तयार गरिरहेका थिए। पहिलो, लूकाले भन्छ कि तिनीहरू एक भएर निरन्तरतासाथ प्रार्थना र बिन्ती गरिरहेका थिए। येशूले दिनुभएको कामको बारेमा ती चेलाहरूमा कुनै प्रश्न थिएन। तिनीहरू सबैले उहाँको कामलाई स्वीकार गरेका थिए। यही कामले गर्दा तिनीहरू प्रेरित भएर प्रार्थनामा एक भएका थिए। तर तिनीहरूले केको बारेमा प्रार्थना गरिरहेका थिए भनेर लूकाले बताउँदैन, तर सबै जना मिलेर येशूले दिनुभएको काम सम्पन्न गर्न ज्ञानबुद्धि, बल र साहस देओस् भनेर प्रार्थना गरिरहेको हुनुपर्छ। यो हाम्रो लागि  पनि अनुसरणीय उदाहरण हो।

दोस्रो, जब तिनीहरू आफ्नो कामको निम्ति पर्खिरहेको बेलामा तिनीहरू तर्कयुक्त तरिकाले चलिरहेको थियो। यहूदाले येशूलाई मारिन सुम्पेका थियो र उसले आत्महत्या गरेको थियो। त्यसले गर्दा बार्ह जना चेलाहरू हुनुपर्नेमा एक जना खाली भएको थियो। त्यसकारण, जब तिनीहरू पर्खिरहेका थिए तब उसको ठाउँ लिन परमेश्वरको अगुवाइ खोजेका थिए। अझ स्पष्टरूपमा भन्ने हो भने, तिनीहरूको लक्ष्य पूरा गर्न तिनीहरूले योजना बनाइरहेका थिए र आफूहरूलाई संगठित गरिरहेका थिए। यस निर्णयमा पत्रुसले अगुवाको भूमिका खेलेका थिए। उनको अग्रसरतालाई कसैले पनि असहमत गरेन। उनको वचनमा परमेश्वरको अगुवाइ भएको तिनीहरूले देखेका थिए। तिनीहरूको बीचमा परमेश्वर सक्रिय हुनुभएको र उहाँले अगुवाए गरिरहनुभएको थियो भनेर समझदारी हुँदै तिनीहरू उहाँमाथि भरोसा राखेका थिए। तिनीहरू त्यसै हात बाँधेर पर्खेर बसिरहेका थिएनन् तर तिनीहरू उद्देश्यप्रेरित भएर सक्रिय हुँदै पर्खिरहेका थिए।

परमेश्वरले हामीलाई दिनुभएको महान् लक्ष्य पूरा गर्न पवित्र आत्माको अगुवाएको निम्ति पर्खेर बस्दा हामी पनि एक भएर एक आपसमा उत्साह दिनुपर्दछ (हिब्रू १०:२४,२५)। पवित्र आत्माको निम्ति हामी प्रार्थना गरिरहनुपर्छ। फेरि, हामीहरू हाम्रो चर्चसँग मिलेर मुक्ति नपाएकाहरूलाई मुक्ति दिलाउने परमेश्वरको प्राथमिकतामा हामी लाग्नुपर्दछ।

***येशूको आगमनको निम्ति तपाईं पर्खिरहन तपाईं कसरी सिक्नुहुन्छ र फेरि विश्वासमा नढलमिल्ने गरेर कसरी बस्ने? फेरि त्यसैवखत चेलाहरूले जस्ते तपाईं पर्खिरहनुभएको  बेलामा तपाईंको समय उत्तम तरिकाले कसरी प्रयोग गरिरहन सक्नुहुन्छ?***

## ४. "जसलाई तपाईंहरूले क्रूसमा टाँगि दियौ"

पेन्टिकोस्टको समयमा पवित्र आत्मा खनिएको विवरण प्रेरित २मा लेखिएको छ। जब येशूका चेलाहरू प्रार्थना गर्दै पर्खिरहेका थिए आगोका जिब्राहरू चेलाहरूका शिरहरूमा परेका थिए। अब प्रतिज्ञा गरिएको पवित्र आत्मा तिनीहरूमाथि आएका थिए भनेर तिनीहरूले महसुस गरेका थिए।

**जब पेन्टिकोस्टमा पवित्र आत्माद्वारा शक्तिसम्पन्न भएपछि चेलाहरूलाई के भयो सो प्रेरित २:१-४१मा पढ्नुहोस्। "१ जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। २ अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। ३ आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। ४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे। ५ स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए। ६ तब यो आवाज सुनेर भीड जम्मा भयो। तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आफ्नो-आफ्नो भाषामा तिनीहरू बोलिरहेका सुन्यो। ७ तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र? ८ त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं? ९ हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू छौं। १० अनि फ्रिगिया, पामफिलिया, मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, ११ क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं।" १२ तिनीहरू सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे, "यसको अर्थ के हो?" १३ तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ मद्यले मातेका छन्।"**

**१४ तर पत्रुसले एघार जनासँग खड़ा भएर उच्च सोरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै बासिन्दाहरू, तपाईंहरूलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस्। १५ किनभने तपाईंहरूले ठान्नुभएझैं यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ। १६ तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, १७ 'आखिरी दिनहरूमा यस्तो**

हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु,
र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र
तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी
हुनेछन्। १८ हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा
खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्। १९ माथि आकाशमा म
अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो, र
धूवाँको मुस्लो। २० परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य
अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। २१ अनि जसले परमप्रभुको नाउँ
लिनेछ, त्यसले उद्धार पाउनेछ।' २२ "इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्,
नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू,
अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो।
तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा
गर्नुभएको हो। २३ परमेश्वरले ठहराउनुभएको निश्चित योजना र
पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा
तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो। २४ उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट
छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको अधीनमा उहाँ भइरहनु
असम्भव थियो, २५ किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले प्रभुलाई
सधैं मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ
हुनुहुन्छ। २६ यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित
भयो। यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ। २७ किनकि तपाईंले मेरो
प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन
दिनुहुनेछ। २८ तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई
आफ्नो उपस्थितिद्वारा आनन्दले गद्गद् पार्नुहुनेछ।' २९ "भाइ हो, हाम्रा पुर्खा
दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र
गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। ३० यसकारण एक
अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो
कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले
बसाल्नुहुनेछ। ३१ अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा
भने कि उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको शरीर नै कुह्यो। ३२ यिनै
येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी छौं। ३३
यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र

**आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' ३६ "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।" ३७ यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?" ३८ पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।" ४० अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।" ४१ तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।" प्रेरित २:१-४१।**

चेलाहरू "सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।" प्रेरित २:४। यहाँ निर्णयक कुरो के थियो भने अविश्वासीहरूको हितको निम्ति परमेश्वरले ती सबै चेलाहरूलाई शक्तिले सुससम्पन्न पार्नुभएको थियो। तिनीहरू आफूहरूकै निम्तिमात्र आशिष पाएका थिएनन्। तिनीहरू स्वर्ग जान तयार पार्ने त्यो आशिष थिएन न त विदेशी भाषामा जानेर आफ्नो काम सजिलो पार्ने आशिष पनि थिएन। तर परमेश्वरबाट टाढा भएका मानिसहरूलाई उहाँको नजिक ल्याउने लक्ष्यमा चल्न त्यो आशिष दिएको थियो। आज परमेश्वरका जनहरूले आफूहरूमा भएका निजी वा व्यक्तिगत दक्षता, प्रतिभा, सीप र बरदानहरूलाई उहाँलाई विश्वास नगर्नेहरूको भलोको निम्ति प्रयोग गरेर उहाँको लक्ष्य पूरा गरियोस् भनेर उहाँले आह्वान गर्नुहुन्छ। हामी सबैलाई कुनै कुनै बरदान, दक्षता र सीपहरू परमेश्वरले दिनुभएको छ। तिनीहरूलाई प्रयोग गरेर अरूहरूको माझमा पुग्न सक्ने जस्तो महान् लक्ष्य अरू के होला?

चेलाहरूलाई पवित्र आत्मा खनिन्दा येशूलाई मसीह भनेर अस्वीकार गर्ने धेरैले पश्चाताप गर्ने अवसर पाएका थिए। जब येशूलाई मारियो कतिपय

ती मानिसहरू यरुशलेममा थिए। त्यहाँ भएको शक्तिको बारेमा सोच्नुहोस्: तिनीहरूमध्ये कतिले येशूलाई क्रूसमा टाँगेका थिए भनेर पत्रुसले आरोप लगाएका थिए। जब आफूहरूले महा गल्ती गरे भनेर कतिले स्वीकारे पछि तिनीहरू चिच्याए: "हे भाइहरू हो, अब हामीले के गर्ने?" प्रेरित २:३७।

तिनीहरूले क्षमा पाउनु सकिन्थ्यो। त्यसकारण, पत्रुसले तिनीहरूलाई सम्बोधन गरे: "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।" प्रेरित २:३८।

पवित्र आत्मासँग तालमेल गरेर र एक आपस मिलेर काम गर्दा, ती चेलाहरूले पश्चाताप गर भनेर येशूको बारेमा प्रचार गरेका थिए र तिनीहरूले तिनीहरूको पापको क्षमा पाउनेछन् भनेर आश्वस्त पारेका थिए। येशूलाई क्रूसमा टाँग्न ती मानिसहरूले सक्रिय भूमिका खेलेतापनि यदि तिनीहरू पश्चाताप गरे तिनीहरूले क्षमा पाउनेछन् र! सुसमाचारको शक्ति नै त्यो थियो। यदि यो सन्देशले हामीलाई हाम्रो लक्ष्यमा चल्न प्रेरणा दिएन भने केले प्रेरणा दिन्छ र? यस संसारका पापी, भ्रष्ट, अनैतिक, अत्याचारी र भ्रष्टाचारीहरूको माझमा सुसमाचार फैलाउन हामी सबैलाई आह्वान गरिएको छ। हाम्रो काम कसैको मूल्याङ्कन गर्ने, कसैको न्याय गर्ने, कसैको धर्म ठिक वा बेठिक भन्ने होइन; हाम्रो कामचाहीँ येशूको मुक्तिदिने शक्तिको बारेमा साक्षी दिने हो।

***येशूलाई हत्या गर्न अग्रसर भएका मानिसहरूलाई पनि मुक्ति दिलाउन सक्ने रहेछ भन्ने धारणाले (१) हाम्रो पाप जति ठूलो भएपनि परमेश्वर क्षमा दिन सक्नुहुन्छ भनेर हामीलाई कसरी उत्साह दिन्छ, र (२) अरू मानिसहरू जतिसुकै खराब भएतापनि तिनीहरूको सामु हामी गवाही दिन सक्छौं भनेर हामीलाई कसरी उत्साहित बनाउँछ?***

## ५. प्रारम्भिक चर्चको चित्रण

**प्रेरित २:४१-४७ पढ्नुहोस्। सुरुको चर्चको चित्रण यहाँ कसरी गरिएको छ? हेर्नुहोस्: "४१ तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए। ४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ**

**बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" प्रेरित २:४१-४७।**

प्रारम्भिक चर्च कस्तो थियो भनेर सुन्दर चित्रण गरेर प्रेरित २ अध्याय अन्त्य गरिएको छ। जो बप्तिस्मा लिएका थिए चेलाहरूसँग तिनीहरू थपिएका थिए भनेर प्रेरित २:४१ ले बताउँदछ। चेलाहरूको संख्यामा कति नयाँ विश्वासीहरू थपिए भनेर हामी गन्न सक्छौं। तर त्यो गन्नुको अर्थ सुसाचारको बारेमा हाम्रो बुझाइ कम भएको देखिन सक्छ। बप्तिस्मा लिने ती विश्वासीहरू सुसमाचार सुनाउन सक्रिय भएका थिए भनेर हामीले बुझ्न सक्छौं।

सुरुको इसाई चर्चको मूख्य काम भनेको चेलाहरू वा येशूका अनुयायीहरू बनाउने थियो। जब नयाँ सदस्यहरू थपे तब तिनीहरूलाई ती प्रकारले चेला बनाएका थिए। पहिले त जब तिनीहरू बप्तिस्मा लिए तब तिनीहरू आआफ्नो घरघरमा गएर आफ्नो घरधन्धामा मात्र लागेका थिएनन्। तिनीहरूले चेलाहरूको शिक्षादीक्षा सिकेका थिए र सङ्गतिमा लागेका थिए। "शिक्षा" र "सङ्गति" भन्नुको तात्पर्य तिनीहरूलाई सुसमाचारको बारेमा सिकाइएको थियो र चेलाहरूसँग सहभागी भएका थिए। गलत धार्मिक शिक्षादीक्षामा लागेका मानिसहरूलाई प्रेरितहरूले नयाँ कुराहरू सिकाएका थिए र त्यो तिनीहरूले अनुभव गरिरहेका थिए। तर नयाँ आत्मज्ञान अनुसार कसरी जीवनशैली अपनाउने भनेर तिनीहरूलाई सिकाइएको थिएन, तर समूहमा एक आपसको सम्बन्धमा सत्यलाई कसरी प्रयोग गर्ने भनेर तिनीहरूले अनुभव गरिरहेका थिए। चेलाहरूले नयाँ विश्वासीहरूलाई राम्रोसँग सिधै शिक्षादीक्षा होशियारसाथ सिकाएका थिए। विश्वासको साथ आत्मज्ञान वा परमेश्वरको वचनमा पनि नयाँ विश्वासीहरू साझर हुनुपर्छ भन्ने ती चेलाहरूको नियत थियो। आफ्नो दैनिक जीवनमा एक आपसमा मिलिजुली रहनुपर्छ भनेर पनि तिनीहरूले सिकेका थिए। तिनीहरू आत्मिकरूपमा परिपक्व र सत्य ज्ञानमा निपुण भएका चेलाहरूको नेतृत्वमा तिनीहरू रहेका थिए।

सिकाउनु पर्छ भनेर भन्ने तर कसरी सिकाउनुपर्छ भनेर प्रचार गर्ने अपरिपक्व प्रचार हो। यद्यपि, कतिपय मानिसहरूले बाइबलको बारेमा कसरी

सिक्ने भन्ने धेरै पुस्तकहरू पढ्ला वा कसरी प्रचार गर्ने भनेर अनेकौं प्रवचनहरू सुन्ला, तर येशूका बलियो चेलाहरू हुन अरूहरूले कसरी शिक्षालाई प्रयोग गरिरहेकाछन् भनेर देख्न सक्नु र त्यसलाई अनुसरण गर्नुको विकल्प छैन। जसरी आफूले येशूको अनुसरण गरे त्यसरी नै आफ्ना चेलाहरूलेपनि उनको अनुसरण गर्नु भनेर पावलले सिकाउँदछन् (१ कोरन्थी ११:१)। जब अरूहरूले तपाईंलाई हेर्छन् र ख्रीष्टसँगको अनुभवमा तपाईंमा भएको वास्तविकता देख्छन् तब अरूहरू तपाईंसँग प्रभावित हुनेछन्।

**चुनौतीः** *तपाईंको जीवनमा कसैको बारेमा सोच्नुहोस् जो विश्वासी भएको कस्तो हुन्थ्यो भनेर चाहनुहुन्छ। दिनदिनै उनको निम्ति प्रार्थना गर्नुहोस् ताकि उनले येशूसँग व्यक्तिगत सम्बन्ध हुन सकोस्।*

**चुनौतीको कार्यन्वयनः** *तपाईंले कसलाई सिकाइरहनुभएको छ र उनलाई येशूसँग नजिक हुन अगुवाइ गरिरहनुभएको छ? अरू विश्वासीहरूको माझमा सङ्गतिमा ल्याउने उपायहरू खोज्नुहोस्।*

**उपसंहारः**

**थप जानकारीः** परमेश्वरको सुसमाचार सुनाउने लक्ष्य येशूले हामीलाई के गर्नुभएको थियो र हाम्रो जीवनमा के गरिरहुनभएको छ त्यसप्रति आभारित हुँदै भित्रैदेखि प्रभुलाई माया गर्ने मनले परिचालित हुनुपर्दछ। त्यो बाहेक अरू कुनै कारणले जस्तै कसैको करले वा चर्च वा मिशनले अऱ्हाएको वा खटाएको भनेर सुसाचारको काम गर्छौं वा पदाधिकारी भएर काम गर्छौं हामी सही लक्ष्यबाट बिचलित भएर काम गरिरहेका हुन्छौं। अरूहरूलाई सुसाचारीय काममा सफल पाउन हामी परमेश्वरको वचनमा डुब्न सक्नुपर्छ र वचनकै धुनमा हामी काम गर्न सक्नुपर्छ।

"हाम्रो जीवन ख्रीष्टको जीवनसँग बुनिएको हुनुपर्छ; हामी निरन्तररूपमा उहाँतिर खिँचिनुपर्दछ। स्वर्गबाट आएको जीवित रोटी खाएर उहाँसँग सहभागी भइरहनुपर्दछ। प्रभु येशू ताजा मुहानको स्रोत हुनुहुन्छ र उहाँको विद्याको भन्डारबाट हामीले प्रसस्त लाभ उठाइ रहनुपर्दछ। यदि हरदम प्रभुलाई हाम्रो सामु राख्न सक्यौं, हाम्रा हृदयहरू उहाँप्रति आभारित हुँदै प्रशंसा गर्ने बानी बसाल्न सक्यौं भने हाम्रो आत्मिक जीवन निरन्तरूपमा ताजा भइरहनेछ। जब हामी परमेश्वरसँग प्रार्थना गर्छौं वा बातचित गर्छौं तब हामी साथीसँग कुरा गरेको जस्तैहुनेछ। उहाँले हामीलाई व्यक्तिगतरूपमा उहाँका रहस्यहरू हामीलाई बताउनुहुनेछ। अनि प्रायजसो येशूको मिठासपूर्ण आनन्द दिने उपस्थितिको हामीले अनुभव गर्न सक्ने हुनेछौं।

जब हामीसँग कुरा गर्नु उहाँ नजिक आउनुहुन्छ तब हाम्रो हृदय जलिरहनेछ । हनोकको अनुभव त्यस्तै थियो । जब येशूभक्तले यो सत्यतालाई अनुभव गर्छ तब उसको जीवन सरल, सादा, नम्र, कोमल र झुकिने खालको हुन्छ । अनि जो जो ऊसँग संसर्ग गर्छन् तब तिनीहरूले त्यो भक्त येशूसँग रहेको रहेछ र उहाँबाट सिकिरहेको रहेछ भन्ने आभास् पाइरहेको हुनेछ ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्*, पृ. १२९,१३० ।

"जुन मानिसको जीवनको केन्द्रविन्दु आफू मात्रै छ, आफ्नो मात्रै भाउ खोज्ने र अरूहरू आफूले भनेको जस्तै चलेको हुनुपर्छ भन्ने मनस्थितिमा छ त्यस व्यक्तिमा आत्मिक बृद्धि हुन सक्दैन र उसको जीवन फलदायी पनि हुँदैन । यदि तपाईंले येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर ग्रहण गर्नुहुन्छ भने तपाईंले आफूलाई बिर्सनुसक्नुपर्छ र अरूहरूलाई सहयोग गर्न प्रयास गर्नुपर्छ । ख्रीष्टको प्रेमको बारेमा चर्चा गर्नुहोस्, मानिसहरूको निम्ति येशूको निस्वार्थ मृत्युको बारेमा सुनाउनुहोस । जब तपाईंमा ख्रीष्टको आत्मा पाउनुहुन्छ वा उहाँको आत्माले परिचालन गर्न दिनुहुन्छ तब तपाईंमा निस्वार्थ प्रेमले अरूको निम्ति तपाईं परिश्रम गर्नुहुनेछ । अनि तपाईं आफै आत्मिकरूपमा प्रगति गर्नुहुनेछ । तपाईंको विश्वास बढ्नेछ, परमेश्वरप्रति तपाईंको प्रतिवद्धता गहिरिएर जानेछ र तपाईंको प्रेम परिपक्व हुनेछ ।"- एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्*, पृ. ६७,६८।

**चिन्तनमनन:**

अ. कतिपय मानिसहरू डाहाले वा चर्चलाई भाँड्न, झगडा गर्न, स्वार्थी भएर आफ्नो भाउ खोज्न वा पेट पाल्न येशूको बारेमा प्रचार गर्छन् भने पावलले फिलिपी र अन्य ठाउँमा भनेको भनाईलाई तपाईंले कसरी बुझ्नुहुन्छ? हामी आफै पनि त्यस बाटोमा लागेका छैनौं भनेर कसरी निश्चित हुने?

आ. परमेश्वरको प्रेम र उहाँको प्रेमको वास्तविकताको बारेमा तपाईको व्यक्तिगत अनुभव के छ? तपाईंको आफ्नै अनुभवको आधारमा के तपाईंले अरूहरूलाई इमान्दारपूर्वक हृदयदेखि परमेश्वरको भलो र प्रेमको बारे सुनाउन सक्नुहुन्छ त?

इ. ख्रीष्टको निम्ति तपाईं पर्खिरहनुभएको छ भन्ने मामिलामा तपाईंको अनुभव कस्तो छ र के त्यसले तपाईंको साधारणतया विश्वास वा आस्थामा उहाँमाथि भरोसा राखिरहन के पाठ सिक्नुभएको छ?

## कथा ६

## कायापलट वा परिवर्तित जीवन

## थियोफेन

## गिर्नी



थियोफेन सेभेन्थ-डे एडभेन्टिस्ट भएकोले उसको बुबा ऊसँग धेरै रिसाए। बाबु अर्के इसाई सम्प्रदायका अगुवा थिए। आफ्नो छोरो एडभेन्टिस्ट भएकोले आफूलाई बेइज्जत र अपमान भएको बाबुले ठान्यो। थियोफेन हाइस्कुलमा अध्ययन गर्दै थियो।

"तिम्रो मन परिवर्तन गर्न वा एडभेन्टिस्ट चर्च छोड्न म तिमीलाई एक हप्ता समय दिन्छु। तिमी आइतबार चर्चमा गएनौ भने तिमी घरबाट निस्कनु नै उत्तम हुन्छ," बाबुले कडा भएर थियोफेनसँग बोले। यो सुनेर थियोफेन धेरै दुखित भयो। आफ्नो बाबुलाई उसले प्यार गर्दथ्यो। तर उसको काकाले एडभेन्टिस्ट चर्चमा जान बोलाएपछि उसले येशूको शक्तिको पनि अनुभव गरेको थियो। उसलाई दुष्ट आत्माले सताएको थियो। जब एडभेन्टिस्टहरूले प्रार्थना गरे तब उसले दुष्ट आत्माबाट छुट्कारा पाएको थियो। अनि आफैले बाइबल पढ्दा इसाईहरूले हप्ताको पहिलो दिन आइतबारको सट्टा शनिबारमा नै परमेश्वरको आराधना गर्नुपर्ने सिकेको थियो। थियोफेन पुरानो जीवनमा फर्किन चाहेको थिएन। आफ्नो घरमा ऊ बस्न सकेन। त्यसकारण, उसको छिमेकी साथीको घरमा बस्न गए।

तब थियोफेनको हजुर बुबाले यस मामिलामा हस्तक्षेप गर्न चाहे। उनी घरको मुली भएकोले परिवारले सम्मान गर्दथ्यो। उनैले थियोफेनको नाउँ राखेका थिए।

एक दिन हजुरबुबाले थियोफेनलाई भने, "तिमी त अलमलमा परेको छ। म तिमीलाई हाम्रै रोमन क्याथोलिक चर्चको पादरीकहाँ लान्छु र तिमीले विश्वास गर्नुपर्ने सत्य उनले तिमीलाई भन्नेछ।"

हजुरबुबा र बाबुले थियोफेनलाई पादरीको घरमा गए। त्यो पादरी अरू जस्तो थिएन। उनी सहरको ईश्वरविज्ञानको अगुवा थिए। उनले विश्वविद्यालयमा बाइबल सिकाउँथे।

केही समयको छलफल पछि उनले थियोफेनलाई सोधे, "तिमीले कुन कारणले हाम्रो चर्च छोड्यौ?" थियोफेनले बाइबल पल्टाएर प्रस्थान २० देखाउँदै भने, "हामी यी दश आज्ञाहरू पढेको चाहन्छु।" "मेरो सामु कुनै देवताहरू छैन, (प्रस्थान २०:३)" थियोफेनले पढेर सुनायो। अनि आफूले खोपेर कुनै मूर्तिको पूजा नगर्नुभन्ने अर्को आज्ञा पढ्यो। चर्चमा भएको मूर्तिहरूको बारेमा र पहिलो आज्ञाको बारेमा उसले पादरीलाई सोध्यो। इस्राएलीहरूलाई मरुभूमिमा मोशाले सुनको सर्प बनाएर लठ्ठामा उभ्याएका थिए। सर्पले टोकेका इस्राएलीहरूले त्यस सर्पलाई हेरे भने सर्पदंस निको हुन्थ्यो। इसाई अगुवाहरूका मूर्तिहरूलाई हेरेर इसाईहरू उद्धार पाउँछन् भनेर पादरीले बताए (प्रस्थान २०:८)।

थियोफेन चौथो आज्ञालाई औँल्याउँदै भने, "साबथ दिन याद गर्नु, यसलाई पवित्र राख्नु।" व्यवस्था परिवर्तन भइसकेको छ भनेर पादरीले सुनाए। अनि थियोफेनले येशूका बचन पढेर जवाफ दियो,"म अगमवक्ता र व्यवस्थालाई नाश गर्न आएको होइन। तिनीहरूलाई नाश गर्न होइन पूरा गर्न आएको हुँ" (मत्ती ५:१७)।

अनि पाँचौं आज्ञालाई औँल्याएर पादरीले थियोफेनलाई यो आरोप लगाए, "के तिमीले तिम्रो बाबुलाई माया गर्छौ? तिमीले उनले के भन्नुहुन्छ सो तिमीले मानेको छैनौ। परमेश्वरले भन्नुभएको छ कि आफ्ना बाबु र आमालाई आदर गर्नु।"

"तर येशूले भन्नुभयो, 'जसले मलाईभन्दा आफ्ना बाबु र आमालाई प्यार गर्छ त्यो मेरो योग्यको हुँदैन" (मत्ती १०:३७)।

पादरीले थियोफेनको बाबुतिर फर्केर सुनाए, "तपाईंको छोरो अब बिग्रियो। उसलाई घरमा बस्न नदिनु। उसले अरूहरूलाई पनि प्रदुषित गर्नेछ।"

पादरीको घरबाट निस्केपछि बाबु अत्यन्तै क्रुद्ध भए। थियोफेनको जन्मदर्ता सबै जलाएर उसँग सधैंको निम्ति नाता तोड्ने धम्कि दिए। एडभेन्टिस्ट चर्च र थियोफेनको काकालाई शरापे। आफ्नो काकाको पक्षमा थियोफेनले भन्यो, "उहाँले मलाई केही पनि नराम्रो सिकाउनुभएको छैन। उहाँले केवल मलाई बाटो मात्र देखाउनुभएको थियो।

अन थियोफेनको बाबु काकाको घरमा सिधै गएर उनीसँग कचकच गर्न थाले तर उनले जवाफ दिए, "थियोफेन एकदम गहिरो समस्यामा थियो।

तपाईंले उसलाई धेरै डाक्टरहरूकहाँ लैजानुभयो। तपाईंले उसलाई औषधी दिनुभयो। तपाईंले उसको निम्ति सबै थोक गर्नुभयो तर केहीले पनि निको भएन। ऊ मेरो पछि लागेको होइन तर उसले परमेश्वरको वचनलाई पछ्याएको हो।"

आठ महिना बित्यो। थियोफेनको जीवनमा कायापलट भएको थियो। ऊ दुष्ट आत्माबाट मात्र मुक्ति पाएको थिएन। ऊ दयालु, उदार युवक हुन थाल्यो। छिमेकीहरूले एक फेरा ऊ खराब भनेर आफ्ना छोराछोरीहरूलाई उसबाट पर बसे भन्नेहरूले ऊ जस्तै हुनुपर्छ भनेर सिकाउन थाले। थियोफेनको बाबु पनि आफ्नो छोरोमा आमूल परिवर्तन आएकोमा चकित भएका थिए। थियोफेनको काकालाई उनले बोलाए उनलाई धन्यवाद दिए।

"मेरो छोरोलाई जे गर्नुभयो म त्यसको निम्ति तपाईंलाई धन्यवाद दिन्छु। हामीले पहिला थाहा पाएको छोरो जस्तो अहिले छैन," उनले सुनाए।

अहिले, थियोफेन आफ्नो बाबुकै घरमा बस्छन् र साबथलाई स्वतन्त्र रूपमा पालन गर्छ। आफ्नो बाबु र हजुरबुबाले पनि येशूलाई चिनोस् भनेर उसले प्रार्थना गर्छन्। येशूले उसको जीवन परिवर्तन गर्नुभएकोले तिनीहरूलाई पनि परिवर्तन गर्नुहुनेछ भन्ने आशामा थियोफेन छ।

"मेरो बुबा र हजुरबाको हृदयलाई परमेश्वरले परिवर्तन गर्न सकून् र मैले पाएको नयाँ आस्थमा तिनीहरू पनि समावेश भएर सँगसँगै उहाँको आराधना गर्न सकौं भन्ने मेरो प्रार्थना छ," थियोफेनले सुनायो।

*–आन्ड्र्यु मेकचेस्नी*